(आ.व. २०८०/०८१ बैठक नं.२)

आज मिति २०८०/०४/२१ गते आइतबारका दिन रत्ननगर नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक नगरप्रमुख श्री प्रलाद सापकोटा ज्युको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीज्युहरुको उपस्थितीमा बसी निम्न प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

| क्र.स. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १. | नगरप्रमुख | श्री प्रलाद सापकोटा | |
| २. | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३. | वडा अध्यक्ष वडा नं. १/प्रवक्ता | श्री कुल प्रसाद सापकोटा | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री बालकृष्ण चापागाई | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महत्तो | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महत्तो | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री अन्नत अधिकारी | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४. | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५. | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६. | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७. | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तामाङ्ग | |
| १८. | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९. | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २०. | कार्यपालिका सदस्य | श्री यसोदा अधिकारी पौडेल | |
| २१. | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२. | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३. | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४. | कार्यपालिका सदस्य | श्री राजेन्द्र परियार हमाल | |
| २५. | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६. | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्री छविलाल सुवेदी | |

अन्य उपस्थिती

विज्ञ सल्लाहकार - श्री रामहरि न्यौपाने

दुर्गा प्रसाद पन्त वडा नं. १४ का.सं.

मञ्जु पौडेल

हिमेश्वरी पौडेल

सविता अर्याल

## मिति २०८०/४/२१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१**
मिति २०८०/४/०५ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो ।

**निर्णय नं.२**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को मिति २०८०/३/२५ गतेको काज फिर्ता गर्ने सम्बन्धमा प्राप्त पत्र बमोजिम यस कार्यालयमा विभीन्न निकायबाट कामकाजमा खटिनु भएका तपसिल बमोजिमा स्वास्थ्यकर्मीहरुको काज फिर्ता गर्ने निर्णय गरियो ।

तपसिल
श्री स्वास्ती आचार्य – ज.स्वा.नी. अधिकृत सातौं
श्री शुसिला शर्मा – अ.न.मी. सहायक पाँचौं
श्री शान्ती अधिकारी बस्नेत सि.अ.न.मी पाँचौ

**निर्णय नं.३**
रत्ननगर नगरपालिका वडा नं.३ निवासी श्री रामहरी सिलबालको श्रीमति चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं.३ शान्ती चोक बस्ने बर्ष ५५ की रमा सिलबालले यस रत्ननगर नगरपालिकाको कार्यालय समेतलाई प्रत्यार्थी बनाई सम्मानित चितवन जिल्ला अदालतमा दायर गरिएको ०८०-WO-०००१ नं. को निषेधाज्ञा मुद्धामा नगरपालिकाको तर्फबाट चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १० बस्ने यसै नगरपालिकामा अधिकृत छैठौं बर्ष ४६ का देव प्रसाद पौडेल ना.प्र.नं.३३१९ जारि मिति २०८०/१०/१८ चितवनलाई प्रतिनिधि मुकरर गरी पठँउने निर्णय गरियो ।

**निर्णय नं.४**
रत्ननगर नगरपालिकाको मिति २०७९/३/३१ गतेको सम्झौता अनुसार दिप्सना मल्टि प्रपोज प्रा.लि. रत्ननगर १० लाई आ.व.२०७९/८० र २०८०/०८१ दुई आर्थिक बर्षको लागि विज्ञापन कर उठाउने ठेक्का दिदाँको बखत उद्योग व्यवसाय परिचयका लागि राखिने होडिङ्ग बोर्ड १२ बर्ग फिट सम्म नि:शुल्क गरिएकोमा मिति २०८०/०८१ को १२ औं नगर सभा बैठकको निर्णयानुसार २० वर्ग फिट सम्म नि: शुल्क गर्ने निर्णय भएकाले दिप्सना मल्टि प्रपोज प्रा.लि . लाई २० वर्ग फिटको मुल्यांकन अनुसार ठेक्का रकमको २५ प्रतिशतले हुन आउने रकम रु.१६९८८८४/- रकम छुट दिने निर्णय गरियो ।

**निर्णय नं.५**
यस रत्ननगर नगरपालिका, रत्ननगर चितवनका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु र वडा सचिवहरु बिच (शुसासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ तथा नियमावली

२०५५, निजामती सेवा ऐन, २०४९ तथा सोको नियमावली, २०५०, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवम् परिपत्रमा उल्लेखित प्रावधानका सहित कार्यविवरण तयार गरि कार्य सम्पादन सम्झौता गरी सोही बमोजिम जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.६
रत्ननगर नगरपालिकामा विभिन्न मितिमा नियुक्ती भई सेवा करारमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन सम्तिको अध्ययनका लागि प्रतिवेदन तयार गरी आगामी कार्यपालिका पेश गर्न शुसासन तथा संस्थागत क्षमता विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.७
यस रत्ननगर नगरपालिकाको स्वीकृत बार्षिक बजेट बमोजिम बिषयगत समितिहरु बिषयगत शाखाहरु र १६ वटै वडा कार्यालयहरुले पेश गरेको बार्षिक कार्य तालिका स्वीकृत गरी सोही बमोजिम खरिद प्रकृया र योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.८
आशाकृष्ण ताम्राकारको नाति बालकृष्ण ताम्राकारको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१३ बस्ने बर्ष ५० को निलन कृष्ण तामारकारको वारिस चन्द्र राजवंशी समेतले यस रत्ननगर नगरपालिकाको कार्यालय समेत प्त्यार्थी बनाई सम्मानित चितवन जिल्ला अदालतमा ०८०-W0-०००४ नं. को अन्तरिम आदेश सहितको निषेधाज्ञा लगायत जो चाहिने आदेश जारी गरी पाउँ भन्ने निवेदन पत्र दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना मिति २०८०/४/२१ गते बुझिलिएकोमा यस नगरपालिकाको तर्फबाट लिखित जवाफ दर्ता गरी मुद्दाको तारिख लिई पुर्पक्षमा रहन चितवन जिल्ला भरतपुर महानगरपालिका नं. १० बस्ने यसै नगरपालिकामा अधिकृत छैठौं बर्ष ४६ का देव प्रसाद पौडेल ना.प्र.नं.३३१९ जारि मिति २०८०/१०/१८ चितवनलाई प्रतिनिधि मुकरर गरी पठँउने निर्णय गरियो ।

निर्णय नं.९
यस कार्यालयको आ.व. २०८०/०८१ मा सम्पादन हुने जडीबुटी कवाडी तथा जिवजन्तु कर संकलन ठेक्का नं. *(RAT/CHITWAN/NCB/Revenue/01/80-081)* का लागि सिलबन्दी बोलपत्र बढाबमा ठेक्का बनदोबस्ती का लागि नियमानूसार प्रक्रिया पुरा गरी विधुतिय माध्यम मार्फत ठेक्का आब्हान गरिएकोमा पहिलो पटक कुनै पनि बोलपत्र दर्ता हुन नआएकाले पुन ठेक्का आब्हान गर्दा सुचिकृत हुन आएका ३ वटा बोलपत्र मध्ये तोकिएको प्रक्रिया पुरा गरी नियामानूसार स्वीकृत भएको जे.के. साईकल स्टोर्स रत्ननगर-१० चितवन को बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

रत्ननगर नगरपालिका वडा नं.१२ ब्यासटोलमा बस्ने श्री मोहन कुमार तामाङ्गको छोरा ३० बर्षका जोहन तामाङ्ग हाल कुलतमा लागि निजलाई सुधार केन्द्रमा राखिएको र निजको आर्थिक अवस्था कमजोर भएकाले निजको उपचारका लागि रु.४८०००/- (अठ्चालिस हजार मात्र)विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

भ्यु चितवनले मिति २०८०/४/५ र ६ गते संचालन गरेको Second National Conference का लागि रु.२५०००/- (पच्चिस हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

CamScanner